# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, फागुन २७ गते, २०८१ साल (अरि ३३

## भाग २

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### गण्डकी प्रदेश निजामती सेवा (पहिलो संशोधन) नियमावली, २०८१

गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १३३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "गण्डकी प्रदेश निजामती सेवा (पहिलो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ५ मा संशोधनः** गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ (यस पछि मूल नियमावली भनिएको) को नियम ५ को सट्टा देहायबमोजिमको नियम ५ राखिएको छः-

"५. **न्यूनतम योग्यताः** ऐनको दफा ४ को उपदफा (३) बमोजिम प्रदेश निजामती सेवाका समूह तथा उपसमूहमा रहने पदको लागि आवश्यक न्यूनतम योग्यता अनुसूची – ४ र प्रदेश स्वास्थ्य सेवाको समूह तथा उपसमूहमा जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कन, कार्यक्षमताको मूल्याङ्कन र आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाद्वारा पूर्ति गरिने पदको लागि आवश्यक न्यूनतम योग्यता अनुसूची - ४क. मा उल्लेख भए बमोजिम हुनेछ।"

३. **मूल नियमावलीको नियम ५३ मा संशोधनः** मूल नियमावलीको नियम ५३ को सट्टा देहायबमोजिमको नियम ५३ राखिएको छः -

"५३. **बढुवा समितिः** ऐनको दफा २९ को उपदफा (५) बमोजिम ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको सहायक पाँचौ तहको पदमा बढुवा गर्न देहाय बमोजिमको बढुवा समिति रहने छः-

(क) आयोगको सचिव –अध्यक्ष

(ख) प्रमुख सचिवले तोकेको मन्त्रालयको उपसचिव वा सो सरहको अधिकृत –सदस्य

(ग) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयको सचिवले तोकेको सातौं/आठौं तह वा सो सरहको

अधिकृत – सदस्य सचिव"

४. **मूल नियमावलीको नियम ५७ मा संशोधनः** मूल नियमावलीको नियम ५७ मा देहायबमोजिमको प्रतिबन्धात्मक व्यवस्था थपिएको छः -

"तर प्रदेश स्वास्थ्य सेवाका समूह वा उपसमूहका अधिकृत नवौं तहका रिक्त पदहरुमा जेष्ठता तथा कार्यसम्पादनको मूल्याङ्कन र कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा हुनको लागि रिक्त पद भन्दा एक तह मुनिको जनरल हेल्थ सर्भिसेज समूहको पदमा रही ऐनको दफा ३२ बमोजिमको सेवा अवधि पूरा गरेका र अनुसूची – ४क. मा तोकिएको सम्बन्धित योग्यता प्राप्त गरेका कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।"

५. **मूल नियमावलीको नियम ५९ मा संशोधनः** मूल नियमावलीको ५९ को उपनियम (२) झिकिएको छ।

६. **मूल नियमावलीको नियम ६१ मा संशोधनः** मूल नियमावलीको ६१ को उपनियम (१) मा रहेका "उपदफा (५)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१)" भन्ने शब्दहरु राखिएका छन् ।

७. **मूल नियमावलीको नियम ७३ मा संशोधनः** मूल नियमावलीको ७३ को उपनियम (१) को सट्टा देहायबमोजिमको उपनियम (१) राखिएको छः-

"(१) नियम ७२ बमोजिम प्रकाशित विज्ञापन अनुसार आन्तरिक प्रतियोगिताको हकमा ऐनको दफा ३२ बमोजिमको सेवा अवधि र शैक्षिक योग्यता तथा अन्तरतह प्रतियोगिताको हकमा ऐनको दफा ९ को उपदफा (११) बमोजिमको सेवा अवधि र शैक्षिक योग्यता पुगेका देहाय बमोजिमका कर्मचारी उम्मेदवार हुन सक्नेछन्:-

(क) अधिकृत नवौं तहको पदको लागि कम्तीमा अधिकृत सातौं तह वा सो सरहको पदमा कार्यरत कर्मचारी,

(ख) अधिकृत सातौं तहको पदको लागि कम्तीमा सहायक पाँचौ तह वा सो सरहको पदमा कार्यरत कर्मचारी।"

८. **मूल नियमावलीको नियम ९६ मा संशोधनः** मूल नियमावलीको ९६ को खण्ड (ग) मा देहायबमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर, प्रदेश स्वास्थ्य सेवाको हकमा नेपाल सरकार वा प्रदेश सरकारले तोकेको नेपालभित्रका विश्वविद्यालय वा शिक्षण संस्थाद्वारा सञ्चालन गरिने स्नातकोत्तर तहमा अध्ययनका लागि छानिएका कर्मचारीले कम्तीमा एक वर्ष "क" वर्गको भौगोलिक क्षेत्र वा दुई वर्ष "ख" वा "ग" वर्गको भौगोलिक क्षेत्रमा सेवा गरी न्यूनतम दुई वर्ष अवधि पूरा गरेको भए त्यस्तो कर्मचारीलाई प्रदेश सरकारले आवश्यक ठानेको अवस्थामा अध्ययन बिदा प्रदान गर्न बाधा पर्ने छैन।"

९. **मूल नियमावलीको नियम ११६ मा संशोधनः** मूल नियमावलीको ११६ को उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) कर्मचारीले सेवा अवधिभरमा एकै पटक वा पटक पटक गरी तीन बर्षसम्म अध्ययन बिदा पाउनेछ ।

तर, प्रदेश सरकारले आवश्यक ठानेको अवस्थामा अध्ययन बिदाको अवधिमा तीन वर्षसम्म थप गर्न सकिनेछ ।"

१०. **रुपान्तरणः** मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "प्रदेश कानून सेवा" भन्ने शब्दहरुको सट्टा "प्रदेश न्याय सेवा" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ ।

११. **मूल नियमावलीमा अनसूची - ४क. थपः** मूल नियमावलीको अनसूची - ४ पछि देहायबमोजिमको अनुसूची - ४क. थपिएको छः-

"अनुसूची - ४क.

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

**प्रदेश स्वास्थ्य सेवाका समूह, उपसमूहका पदमा ज्येष्ठता र कार्यसम्पादन, कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा र आन्तरिक प्रतियोगिताका लागि आवश्यक न्यूनतम योग्यता**

| समूह | उपसमूह | तह | पदनाम | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| मेडिसिन | जनरल मेडिसिन | ११ | प्रमुख कन्सल्टेण्ट जनरल फिजिसियन | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनरल वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट जनरल फिजिसियन | |
| | नेफ्रोलोजी | ११ | प्रमुख कन्सल्टेण्ट नेफ्रोलोजिस्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी नेफ्रोलोजीमा स्नात्तकोत्तर उपाधि प्राप्त<br>वा<br>इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि नेफ्रोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट नेफ्रोलोजिस्ट | |
| | न्यूरोलोजी | ११ | प्रमुख कन्सल्टेण्ट न्यूरोलोजिस्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी न्यूरोलोजीमा स्नात्तकोत्तर उपाधि प्राप्त<br>वा<br>इन्टरनल मेडिसिनमा स्नात्तकोत्तर उपाधि पछि न्यूरोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट न्यूरोलोजिस्ट | |
| | कार्डियोलोजी | ११ | प्रमुख कन्सल्टेण्ट कार्डियोलोजिस्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी. बी. एस. वा सो सरहको उपाधि प्राप्त गरी कार्डियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त<br>वा<br>इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि कार्डियोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट कार्डियोलोजिस्ट | |

| | | | | |
|---|---|---|---|---|
| | ट्रपिकल मेडिसिन | ११ | प्रमुख कन्सल्टेण्ट, ट्रपिकल मेडिसिन | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरहको उपाधि प्राप्त गरी ट्रपिकल मेडिसिनमा स्नातकोत्तर वा ट्रपिकल मेडिसिनमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट, ट्रपिकल मेडिसिन | |
| | चेष्ट डिजिज | ११ | प्रमुख कन्सल्टेण्ट चेष्ट डिजिज फिजिसियन | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरहको उपाधि प्राप्त गरी चेष्टडिजिजेजमा स्नातकोत्तर वा चेष्टडिजिजेजमा डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट चेष्ट फिजिसियन | |
| | ग्याष्ट्रो इन्टेरो लोजी | ११ | प्रमुख कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी ग्याष्ट्रोइन्टेरोलोजीमा स्नातकोत्तर वा ग्याष्ट्रो इन्टेरोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट | |
| | इन्डोक्रा इनोलो जी | ११ | प्रमुख कन्सल्टेण्ट इन्डोक्राइनोलोजिष्ट | इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी इण्डोक्राइनोलोजी विषयमा डि.एम. वा ईण्डोक्राइनोलोजी विषयमा स्नात्तकोत्तर वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी ईण्डोक्राइनोलोजी विषयमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा ईण्डोक्राइनोलोजी विषयमा विशेषज्ञ दर्ता भएको र डि.एम. को हकमा कम्तीमा दुई वर्ष, स्नातकोत्तरको र फेलोशिपको हकमा चार वर्षको ईण्डोक्राइनोलोजीमा काम गरेको कार्य अनुभव भएको । |
| | | ९ | कन्सल्टेण्ट इन्डोक्राइनोलोजिष्ट | |
| | मेडिकल अंकोलो जी | ११ | प्रमुख कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी मेडिकल अंकोलोजीमा स्नातकोत्तर वा मेडिकल अंकोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट | |

| | | | | |
|---|---|---|---|---|
| | हेपाटोलोजी | ११ | प्रमुख कन्सल्टेण्ट हेपाटोलोजिष्ट (फिजिसियन) | इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी हेपाटोलोजी विषयमा डि.एम. वा हेपाटोलोजी विषयमा स्नात्तकोत्तर वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी हेपाटोलोजी विषयमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा हेपाटोलोजी विषयमा विशेषज्ञ दर्ता भएको र डि.एम. को हकमा कम्तीमा दुई वर्ष स्नातकोत्तरको र फेलोशिपको हकमा चार वर्षको हेपाटोलोजीमा काम गरेको कार्य अनुभव भएको। |
| | | ९ | कन्सल्टेण्ट हेपाटोलोजिष्ट (फिजिसियन) | |
| | फरेन्सिक | ११ | प्रमुख कन्सल्टेण्ट फरेन्सिक | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी फरेन्सिक मेडिसिनमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट फरेन्सिक | |
| | पल्मोनोलोजी | ११ | प्रमुख कन्सल्टेन्ट पल्मोनोलोजिस्ट | इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी पल्मोलोजी विषयमा डि.एम. वा इन्टरनल मेडिसिनमा विषयमा स्नात्तकोत्तर वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी पल्मोलोजी विषयमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा पल्मोलोजी विषयमा विशेषज्ञ दर्ता भएको र डि.एम. को हकमा कम्तीमा दुई वर्ष, स्नातकोत्तरको र फेलोशिपको हकमा चार वर्षको पल्मोलोजीमा काम गरेको कार्य अनुभव भएको । |
| | | ९ | कन्सल्टेन्ट पल्मोनोलोजिस्ट | |
| | क्लिनिकल जेनिटि | ११ | प्रमुख कन्सल्टेन्ट क्लिनिकल जेनेटिशिष्ट | इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी क्लिनिकल जेनेटिक विषयमा डि.एम. वा इन्टरनल मेडिसिन विषयमा स्नात्तकोत्तर |

| | | | | |
|---|---|---|---|---|
| | क्स | ९ | कन्सल्टेन्ट क्लिनिकल जेनेटिशिष्ट | वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी क्लिनिकल जेनेटिक विषयमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा क्लिनिकल जेनेटिक विषयमा विशेषज्ञ दर्ता भएको र डि.एम. को हकमा कम्तीमा दुई वर्ष, स्नातकोत्तरको र फेलोशिपको हकमा चार वर्षको क्लिनिकल जेनेटिकमा काम गरेको कार्य अनुभव भएको । |
| | जनरल सर्जरी | ११ | प्रमुख कन्सल्टेण्ट सर्जन | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट सर्जन | |
| सर्जरी | कार्डियो थेरासिक सर्जरी | ११ | प्रमुख कन्सल्टेण्ट कार्डियोथेरासिक सर्जन | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी कार्डियोथोरासीक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त<br>वा<br>जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि कार्डियोथोरासीक सर्जरीमा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट कार्डियोथेरासिक सर्जन | |
| | युरो सर्जरी | ११ | प्रमुख कन्सल्टेण्ट युरो सर्जन | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त<br>वा<br>जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि यूरो सर्जरीमा डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट युरो सर्जन | |
| | ग्याष्ट्रो इन्टेरोजो | ११ | प्रमुख कन्सल्टेण्ट सर्जिकल ग्याष्ट्रो | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि |

| | | | | |
|---|---|---|---|---|
| | लिकल सर्जरी | | इन्टेरोलोजिष्ट | प्राप्त गरी ग्याष्ट्रो इन्टेरोलोजीकल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त<br>वा<br>जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल ग्याष्ट्रो इन्टेरोलोजीमा डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट सर्जन | |
| | वर्न तथा प्लास्टिक सर्जरी | ११ | प्रमुख कन्सल्टेण्ट प्लास्टिक सर्जन | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी वर्न तथा प्लाष्टीक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त<br>वा<br>जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल प्लाष्टीक सर्जरीमा डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट प्लास्टिक सर्जन | |
| | न्यूरो सर्जरी | ११ | प्रमुख कन्सल्टेण्ट न्यूरो सर्जन | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी न्यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।<br>वा<br>जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल न्यूरो सर्जरीमा डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट न्यूरो सर्जन | |
| | अर्थोपेडिक सर्जरी | ११ | प्रमुख कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी अर्थोपेडीक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।<br>वा<br>जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि अर्थोपेडीक सर्जरीमा डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | |
| | स्पाइनल सर्जरी | ११ | प्रमुख कन्सल्टेण्ट स्पाइनल सर्जन | अर्थोपेडिक सर्जरी वा न्यूरो सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पाइनल |

| | | | | |
|---|---|---|---|---|
| | | ९ | कन्सल्टेण्ट स्पाइनल सर्जन | सर्जरीमा एम.सि.एच. गरेको वा अर्थोपेडिक सर्जरी वा न्यूरो सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पाइनल सर्जरीमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा स्पाइनल सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको र स्पाइनल सर्जरी एम.सि.एच गरेको हकमा कम्तीमा दुई वर्ष र फेलोशिपको हकमा चार वर्ष स्पाइनल सर्जरीमा काम गरेको कार्य अनुभव हुनु पर्ने। |
| | आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरी | ११ | प्रमुख कन्सल्टेण्ट आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जन | अर्थोपेडिक सर्जरी विषयमा स्नातकोत्तर पश्चात जोर्नी अर्थोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरीमा एम.सि.एच. गरेको वा अर्थोपेडिक सर्जरी विषयमा स्नातकोत्तर पश्चात अर्थोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरीमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा अर्थोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको र अर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरीमा एम.सि.एच गरेको हकमा कम्तीमा दुई वर्ष, फेलोशिपको हकमा चार वर्ष अर्थोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरीमा काम गरेको कार्य अनुभव हुनु पर्ने। |
| | | ९ | कन्सल्टेण्ट आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जन | |
| | स्पोर्टस तथा आर्थ्रो स्कोपिक सर्जरी | ११ | प्रमुख कन्सल्टेण्ट स्पोर्टस तथा आर्थ्रोस्कोपिकल सर्जन | अर्थोपेडिक सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पोर्टस तथा अर्थोस्कोपिक सर्जरीमा एम.सि.एच. वा अर्थोपेडिक सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पोर्टस तथा अर्थोस्कोपिक सर्जरीमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप |
| | | ९ | कन्सल्टेण्ट स्पोर्टस तथा | |

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थ्रोस्कोपिकल सर्जन | गरी नेपाल मेडिकल काउन्सिलमा स्पोर्टस तथा अर्थोस्कोपिक सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको र स्पोर्टस तथा अर्थोस्कोपिक सर्जरीमा एम.सि.एच गरेको हकमा कम्तीमा दुई वर्ष र फेलोशिपको हकमा चार वर्ष स्पोर्टस तथा अर्थोस्कोपिक सर्जरीमा काम गरेको कार्य अनुभव हुनु पर्ने। |
| | पेडियाट्रिक सर्जरी | ११ | प्रमुख कन्सल्टेण्ट पेडियाट्रिक सर्जन | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी पेडियाट्रिक्स सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।<br>वा<br>जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि पेडियाट्रिक सर्जरीमा डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट पेडियाट्रिक सर्जन | |
| | किड्नी ट्रान्सप्लान्ट सर्जरी | ११ | प्रमुख कन्सल्टेण्ट किड्नी ट्रान्सप्लान्ट सर्जन | मान्यता प्राप्त शिक्षण संस्थाबाट किड्नी ट्रान्सप्लाण्ट सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा एम.एस. जनरल सर्जरी उत्तीर्ण गरी ट्रान्सप्लाण्ट सर्जरीमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट किड्नी ट्रान्सप्लान्ट सर्जन | |
| रेडियोलोजी | | ११ | प्रमुख कन्सल्टेण्ट रेडियोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी रेडियोलोजीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट रेडियोलोजिष्ट | |
| रेडियसन अंकोलोजी / रेडियोथेरापी | | ११ | प्रमुख कन्सल्टेण्ट रेडियोलोथेरापिष्ट/रेडिएसन अंकोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडिएसन अंकोलोजी वा रेडियोथेरापीमा स्नातकोत्तर उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट रेडियोलोथेरापिष्ट/रेडिएसन अंकोलोजिष्ट | |

| | | | | |
|---|---|---|---|---|
| डर्माटोलोजी, लेप्रोलोजी र भेनरल डिजिजेज | | ११ | प्रमुख कन्सल्टेण्ट डर्माटोलोजिष्ट/लेप्रोलोजिष्ट/भेनरल डिजिज | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी डर्माटोलोजी लेप्रोलजी र भेनरल डिजिजेज विषयमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट डर्माटोलोजिष्ट/लेप्रोलोजिष्ट/भेनरल डिजिज | |
| साइक्याट्री | | ११ | प्रमुख कन्सल्टेण्ट साइक्याट्रिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी साइक्याट्रीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट साइक्याट्रिष्ट | |
| पेडियाट्रिक्स | पेडियाट्रिक्स मेडिसिन | ११ | प्रमुख कन्सल्टेण्ट पेडियाट्रिसियन | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी पेडियाट्रिक्समा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट पेडियाट्रिसियन | |
| | निओनेटोलोजी | ११ | प्रमुख कन्सल्टेण्ट निओनेटोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी निओनेटोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा पेडियाट्रिक्समा स्नातकोत्तर उपाधि प्राप्त गरी निओनेटोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट निओनेटोलोजिष्ट | |
| अप्थल्मोलोजी | | ११ | प्रमुख कन्सल्टेण्ट अप्थल्मोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी. एस. वा सो सरहको उपाधि प्राप्त गरी अप्थल्मोलोजीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट अप्थल्मोलोजिष्ट | |
| अटोरिनोल्यारि | | ११ | प्रमुख कन्सल्टेण्ट इ.एन.टी. सर्जन | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी अटोरिनो- ल्यारिनोलोजीमा |
| | | ९ | कन्सल्टेण्ट | |

| | | | | |
|---|---|---|---|---|
| ङ्गोलोजी | | | इ.एन.टी. सर्जन | स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह। |
| एनेस्थेसियोलोजी | | ११ | प्रमुख कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी. एस. वा सो सरहको उपाधि प्राप्त गरी एनेस्थेसियोलोजीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | |
| अब्स्ट्रेटिक तथा गाइनोकोलोजी | | ११ | प्रमुख कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी अब्स्ट्रेटिक गाइनोकोलोजीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट | |
| पब्लिक हेल्थ एडमिनिष्ट्रेशन | | ११ | प्रमुख स्वास्थ्य प्रशासक | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | स्वास्थ्य प्रशासक | |
| जनरल हेल्थ सर्भिसेज | | ११ | प्रमुख मेडिकल सुपरिटेण्डेण्ट/प्रमुख अस्पताल प्रशासक | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधी प्राप्त। |
| | | ९ | मेडिकल सुपरिटेण्डेण्ट | |
| मेडिकल जनरलिष्ट | | ११ | प्रमुख कन्सल्टेण्ट मेडिकल जनरलिष्ट/प्रमुख मेडिकल सुपरिटेण्डेण्ट जनरलिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी एम.डि.जि.पि. वा सो सरह उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट मेडिकल जनरलिष्ट/ मेडिकल | |

| | | | | |
|---|---|---|---|---|
| | | | सुपरिटेण्डेण्ट जनरलिष्ट | |
| प्याथोलोजी | जनरल प्याथोलोजी | ११ | प्रमुख कन्सल्टेण्ट प्याथोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी प्याथोलोजीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट प्याथोलोजिष्ट | |
| | हिस्टो प्याथोलोजी | ११ | प्रमुख कन्सल्टेण्ट हिस्टो प्याथोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी हिस्टो- प्याथोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।<br>वा<br>प्याथोलोजीमा स्नातकोत्तर उपाधि पछि हिष्टो प्याथोलोजीमा डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट हिस्टो प्याथोलोजिष्ट | |
| | माइक्रो बायोलोजी (ब्याक्टेरियोलोजी) | ११ | प्रमुख कन्सल्टेण्ट माइक्रोबायोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी माइक्रोबायोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।<br>वा<br>प्याथोलोजीमा स्नातकोत्तर उपाधि पछि माइक्रोबायोलोजीमा डिप्लोमा वा सो सरह। |
| | | ९ | कन्सल्टेण्ट माइक्रोबायोलोजिष्ट | |
| | हेमाटोलोजी | ११ | प्रमुख कन्सल्टेण्ट हेमाटोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी हेमाटोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।<br>वा<br>प्याथोलोजीमा स्नातकोत्तर उपाधि पछि हेमेटोलोजीमा डिप्लोमा वा सो सरह |
| | | ९ | कन्सल्टेण्ट हेमाटोलोजिष्ट | |
| | बायोकेमेष्ट्रि | ११ | प्रमुख कन्सल्टेण्ट बायोकेमिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी बायोकेमेष्ट्रिमा स्नातकोत्तर उपाधि |
| | | ९ | कन्सल्टेण्ट | |

| | | | | |
|---|---|---|---|---|
| | | | बायोकेमिष्ट | प्राप्त।<br>वा<br>प्याथोलोजीमा स्नातकोत्तर उपाधि पछि बायोकेमेष्ट्रिमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ११ | प्रमुख अस्पताल नर्सिङ्ग प्रशासक | मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्वन्धित (नर्सिङ्ग/ पेडियाट्रिक नर्सिङ्ग/ साइक्याट्रिक नर्सिङ्ग / मेडिकल/सर्जिकल) विषयमा स्नातकोपाधि उपाधि प्राप्त। |
| | | ११ | प्रमुख अस्पताल पेडियाट्रिक नर्सिङ्ग प्रशासक | |
| | | ११ | प्रमुख अस्पताल साइक्याट्रिक नर्सिङ्ग प्रशासक | |
| | | ११ | प्रमुख अस्पताल मेडिकल/सर्जिकल नर्सिङ्ग प्रशासक | |
| जनरल नर्सिङ्ग | | ९ | अस्पताल नर्सिङ्ग प्रशासक | मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्वन्धित (नर्सिङ्ग/ पेडियाट्रिक नर्सिङ्ग/ साइक्याट्रिक नर्सिङ्ग / मेडिकल/सर्जिकल) विषयमा स्नातकोपाधि उपाधि प्राप्त। |
| | | ९ | अस्पताल पेडियाट्रिक नर्सिङ्ग प्रशासक | |
| | | ९ | अस्पताल साइक्याट्रिक नर्सिङ्ग प्रशासक | |
| | | ९ | अस्पताल मेडिकल/सर्जिकल नर्सिङ्ग प्रशासक | |
| | | ७ | नर्सिङ्ग अधिकृत | मान्यताप्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण। |
| कम्युनिटी | | ११ | प्रमुख कम्युनिटी नर्सिङ्ग प्रशासक | मान्यता प्राप्त शिक्षण संस्थाबाट पब्लिक हेल्थ वा कम्युनिटी हेल्थ |

| | | | | |
|---|---|---|---|---|
| नर्सिङ्ग/पब्लिक हेल्थ नर्सिङ्ग | | ११ | प्रमुख मिडवाइफ प्रशासक | नर्सिङ्ग/मिडवाइफ नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त। |
| | | ९ | कम्युनिटी नर्सिङ्ग प्रशासक/पब्लिक हेल्थ नर्सिङ्ग प्रशासक | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्यूनीटी हेल्थ (पब्लिक हेल्थ) नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त। |
| | | ९ | मिडवाइफ प्रशासक | मान्यता प्राप्त शिक्षण संस्थाबाट मिडवाइफ नर्सिङ्ग विषयमा स्नातकोपाधि उपाधि प्राप्त। |
| | | ७ | कम्युनिटी नर्सिङ्ग अधिकृत/पब्लिक हेल्थ नर्सिङ्ग अधिकृत | मान्यता प्राप्त शिक्षण संस्थाबाट पब्लिक हेल्थ (कम्युनिटी हेल्थ) नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण। |
| | | ७ | मिडवाइफ अधिकृत | मान्यता प्राप्त शिक्षण संस्थाबाट मिडवाइफ नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण। |
| | | ५ | पब्लिक हेल्थ नर्स | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरी सि.अ.न.मि.को तालिम प्राप्त । |
| डेण्टिष्ट्री | जनरल डेण्टल | ११ | प्रमुख कन्सल्टेण्ट डेण्टल सर्जन | मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस. उत्तीर्ण गरी एम.डि. एस्सी. वा एम. डी. एस उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट डेण्टल सर्जन | |
| | | ५ | डेण्टल हाइजिनिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट डेण्टल हाइजिनिष्टमा प्रमाणपत्र तह उत्तीर्ण। |
| | इण्डोडोण्टिष्ट | ११ | प्रमुख कन्सल्टेण्ट इण्डोडोण्टिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस. उत्तीर्ण गरी एम.डि.एस. (Endodontics) उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट इण्डोडोण्टिष्ट | |
| | ओरल तथा मेक्जिलो | ११ | प्रमुख कन्सल्टेण्ट ओरल सर्जन | ओरल तथा मेक्जिलो फेसियल सर्जरी विषयमा स्नातकोत्तर गरी नेपाल मेडिकल काउन्सिलमा ओरल तथा |
| | | ९ | कन्सल्टेण्ट ओरल | |

| | | | | |
|---|---|---|---|---|
| | फेसियल सर्जन | | सर्जन | मेक्जिलो फेसियल सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको र चार वर्षको ओरल तथा मेक्जिलो फेसियल सर्जरीमा काम गरेको कार्य अनुभव भएको। |
| | प्रोस्थोडोण्टिष्ट | ११ | प्रमुख कन्सल्टेण्ट प्रोस्थोडोण्टिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस. उत्तीर्ण गरी एम.डि.एस. (Prosthodontics) उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट प्रोस्थोडोण्टिष्ट | |
| | पेरियोडोण्टिष्ट | ११ | प्रमुख कन्सल्टेण्ट पेरियोडोण्टिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस. उत्तीर्ण गरी एम.डि.एस. (Periodontics) उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट पेरियोडोण्टिष्ट | |
| | अर्थोडोण्टिष्ट | ११ | प्रमुख कन्सल्टेण्ट अर्थोडोण्टिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस. उत्तीर्ण गरी एम.डि.एस. (Orthodontics) उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट अर्थोडोण्टिष्ट | |
| आयुर्वेद | जनरल आयुर्वेद | ११ | प्रमुख कन्सल्टेण्ट आयुर्वेद विज्ञ | मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विषयमा स्नातकोत्तर उपाधि प्राप्त । |
| | | ९ | कन्सल्टेण्ट आयुर्वेद विज्ञ | |
| | | ५ | कविराज | मान्यता प्राप्त शिक्षण संस्थाबाट एकवर्षको सहायक आयुर्वेद कार्यकर्ता कोर्ष उत्तीर्ण । |
| | भेषज | ११ | प्रमुख कन्सल्टेण्ट भेषज विज्ञ | मान्यता प्राप्त शिक्षण संस्थाबाट द्रव्यगुण विज्ञान बा रसशास्त्र तथा भैषज्य-कल्पना विषयमा स्नातकोत्तर उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट भेषज विज्ञ | |
| | काय-चिकित्सा | ११ | प्रमुख कन्सल्टेण्ट काय-चिकित्सक | मान्यता प्राप्त शिक्षण संस्थाबाट काय-चिकित्सा विषयमा स्नातकोत्तर उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट काय-चिकित्सक | |

| | | | | |
|---|---|---|---|---|
| | शल्य तथा संज्ञाहरण | ११ | प्रमुख कन्सल्टेण्ट शल्य चिकित्सक/संज्ञाहरण चिकित्सक | मान्यता प्राप्त शिक्षण संस्थाबाट शल्य-तन्त्रमा स्नातकोत्तर उपाधि प्राप्त तथा संज्ञाहरण चिकित्सकको हकमा संज्ञाहरण विषयमा स्नातकोत्तर उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट शल्य चिकित्सक/संज्ञाहरण चिकित्सक | |
| | शालाक्य | ११ | प्रमुख कन्सल्टेण्ट शालाक्य चिकित्सक | मान्यता प्राप्त शिक्षण संस्थाबाट शालाक्य-तन्त्रमा स्नातकोत्तर उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट शालाक्य चिकित्सक | |
| | स्त्रीरोग तथा प्रसूति | ११ | प्रमुख कन्सल्टेण्ट स्त्रीरोग तथा प्रसूति चिकित्सक | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्त्रीरोग वा प्रसूतितन्त्रमा स्नातकोत्तर उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट स्त्रीरोग तथा प्रसूति चिकित्सक | |
| | कौमारभृत्य | ११ | प्रमुख कन्सल्टेण्ट कौमारभृत्य चिकित्सक | मान्यता प्राप्त शिक्षण संस्थाबाट बालरोग वा कौमारभृत्य-तन्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेण्ट कौमारभृत्य चिकित्सक | |
| | आयुर्वेद स्वास्थ्य प्रशासन | ११ | प्रमुख आयुर्वेद स्वास्थ्य प्रशासक | मान्यता प्राप्त शिक्षण संस्थाबाट BAMS उत्तीर्ण गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त। |
| | | ९ | आयुर्वेद स्वास्थ्य प्रशासक | |
| हेल्थ एजुकेशन | | ११ | प्रमुख स्वास्थ्य शिक्षा प्रशासक | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य शिक्षामा स्नातकोपाधि प्राप्त वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह। |
| | | ९ | स्वास्थ्य शिक्षा प्रशासक | |
| | | ७ | स्वास्थ्य शिक्षा | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य |

| | | | | |
|---|---|---|---|---|
| | | | अधिकृत | शिक्षामा प्रमाणपत्र तह उत्तीर्ण। |
| मेडिकल ल्याब टेक्नोलोजी | जनरल मेडिकल ल्याब टेक्नोजोजी | ११ | प्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट प्रशासक | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त। |
| | | ९ | मेडिकल ल्याब टेक्नोलोजिष्ट प्रशासक | |
| | | ७ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजीमा स्नातक उपाधि प्राप्त। |
| | | ५ | ल्याब टेक्निसियन | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्यावमा प्रमाणपत्र तह वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी ल्याव असिष्टेण्टको दुई वर्ष छ महिनाको कोर्ष उत्तीर्ण। |
| | मेडिकल माइक्रो बायोलोजी | ११ | प्रमुख माइक्रो बायोलोजिष्ट प्रशासक | मेडिकल माइक्रोबायोलोजी विषयमा स्नातकोत्तर उपाधि प्राप्त। |
| | | ९ | माइक्रोबायोलोजिष्ट प्रशासक | |
| | | ७ | माइक्रोबायोलोजिष्ट | मेडिकल माइक्रोबायोलोजीमा स्नातक उपाधि प्राप्त। |
| हेल्थ इन्स्पेक्सन | | ११ | प्रमुख जनस्वास्थ्य प्रशासक | मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक उपाधि प्राप्त। |
| | | ९ | जनस्वास्थ्य प्रशासक | |
| | | ७ | पोषण अधिकृत | मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण। |
| | | ७ | जनस्वास्थ्य अधिकृत | |
| | | ७ | इन्टोमोलोजिष्ट | |
| | | ५ | पोषण सुपरभाइजर | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्ष उत्तीर्ण गरी सि.अ.हे.व. तालिम प्राप्त। |
| | | ५ | भेक्टर कन्ट्रोल सुपरभाइजर | |

| | | | | |
|---|---|---|---|---|
| | | ५ | खोप सुपरभाइजर | |
| | | ५ | इण्टोमोलोजी सुपरभाइजर | |
| | | ५ | पारासाइटोलोजी सुपरभाइजर | |
| | | ५ | औलो सुपरभाइजर | |
| | | ५ | मलेरिया सुपरभाइजर | |
| | | ५ | कोल्डचेन सुपरभाइजर | |
| | | ५ | हेल्थ असिस्टेन्ट | |
| | | ५ | क्षय-कुष्ठ रोग सुपरभाइजर | |
| | | ५ | भेक्टर वर्न डिजेज कन्ट्रोल सुपरभाइजर | |
| | | ५ | परिवार नियोजन सुपरभाइजर | |
| मेडिकल रेकर्ड | | ९ | मेडिकल रेकर्ड प्रशासक | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित वा जनसंख्याशास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा गणित वा तथ्यांकशास्त्र मूल विषयमा स्नातक गरी कुनै विषयमा स्नातकोत्तर उतीर्ण वा तथ्यांक विषय सहित कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण। |
| | | ७ | मेडिकल रेकर्ड अधिकृत | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित विषय लिई स्नातक उपाधि प्राप्त। |
| फार्मेसी | | ११ | प्रमुख फार्मेसी प्रशासक | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसीमा स्नातक उपाधि प्राप्त। |

| | | | | |
|---|---|---|---|---|
| | | ११ | प्रमुख फर्मासिष्ट वैज्ञानिक | |
| | | ९ | फर्मासिष्ट वैज्ञानिक | |
| | | ९ | औषधी प्रशासक | |
| | | ९ | गुणस्तर नियन्त्रक | |
| | | ७ | फार्मेसी अधिकृत | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण। |
| साइकोलोजी | | ९ | कन्सल्टेन्ट क्लिनिकल साइकोलोजिष्ट | मान्यताप्राप्त शिक्षण संस्थाबाट क्लिनिकल साइकोलोजी विषयमा स्नातकोत्तर (एमफिल) तह उत्तीर्ण। |
| बायोमेडिकल इन्जिनियरीङ | | ११ | प्रमुख कन्सल्टेन्ट बायोमेडिकल इन्जिनियर | मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इन्जिनियरिङ्ग वा मेडिकल इलेक्ट्रोनिक इन्जिनियरिङमा स्नातकोत्तर उपाधि प्राप्त। |
| | | ९ | कन्सल्टेन्ट बायोमेडिकल इन्जिनियर | |
| | | ७ | बायोमेडिकल इन्जिनियर | मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इन्जिनियरिङ्ग वा मेडिकल इलेक्ट्रोनिक इन्जिनियरिङमा स्नातका उपाधि प्राप्त। |
| फिजियोथेरापी | | ९ | फिजियोथेरापिष्ट प्रशासक | मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उत्तीर्ण। |
| | | ७ | फिजियोथेरापिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा प्रमाणपत्र तह उत्तीर्ण। |
| रेडियोग्राफी | रेडियोग्राफी | ७ | रेडियोग्राफी टेक्नोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण। |
| | | ५ | रेडियोग्राफर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि. मा विज्ञान विषय लिई उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तिमा ६ महिनाको तालिम प्रात। |

| | | | | |
|---|---|---|---|---|
| | रेडियोथेरापी | ७ | रेडियोथेरापी टेक्नोलोजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोथेरापी विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। |
| एकिकृत चिकित्सा | | ११ | प्रमुख स्वास्थ्य प्रशासक | मान्यता प्राप्त शिक्षण संस्थाबाट BAMMS विषय उत्तीर्ण गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण। |
| | | ९ | स्वास्थ्य प्रशासक | |
| होमियोप्याथी | | ९ | कन्सल्टेन्ट होमियोप्याथी चिकित्सक | मान्यता प्राप्त शिक्षण संस्थाबाट होमियोप्याथी विषयमा स्नातक तह उत्तीर्ण। |
| अकुपंचर | | ११ | प्रमुख कन्सल्टेन्ट अकुपंचर चिकित्सक | मान्यता प्राप्त शिक्षण संस्थाबाट BAMS उत्तीर्ण गरी Traditional Chinese Medicine (TCM) विषयमा स्नातकोत्तर तह उत्तीर्ण। |
| | | ९ | कन्सल्टेन्ट अकुपंचर चिकित्सक | |
| प्राकृतिक चिकित्सा | | ११ | प्रमुख कन्सल्टेन्ट प्राकृतिक चिकित्सक | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राकृतिक चिकित्सा विषयमा स्नातकोत्तर विषय उत्तीर्ण। |
| | | ९ | कन्सल्टेन्ट प्राकृतिक चिकित्सक | |
| विविध | मेडिकल फिजिसिष्ट | ९ | कन्सल्टेन्ट मेडिकल फिजिसिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल फिजिक्समा स्नातकोत्तर उपाधि प्राप्त। |
| | इ.सि.जि. टेक्नोलोजी | ७ | इ.सि.जि. अधिकृत | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उपाधि प्राप्त गरी सम्बन्धित विषयमा एक वर्षको तालिम प्राप्त। |
| | एनेस्थेसिया | ७ | एनेस्थेसिया अधिकृत | मान्यता प्राप्त शिक्षण संस्थाबाट आइ.एस्सी वा एच.ए. वा स्टाफ नर्स कोर्ष उत्तीर्ण गरी एनेस्थेसिया विषयमा कम्तिमा १ वर्षको तालिम प्राप्त वा एनेस्थेसिया विषयमा स्नातक तह उत्तीर्ण। |
| | अप्टोमे | ७ | अप्टिसियन अधिकृत | मान्यता प्राप्त शिक्षण संस्थाबाट |

| | | | | |
|---|---|---|---|---|
| | ट्री | | | अप्टिसियन विषयमा स्नातक उपाधि प्राप्त। |
| | डाइटिसियन | ९ | डाइटिसियन प्रशासक | मान्यताप्राप्त शिक्षणसंस्थाबाट खाद्य प्रविधि विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण। |

१२. **मूल नियमावलीको अनसूची - २१ मा संशोधनः** मूल नियमावलीको अनसूची - २१ मा विभिन्न ठाउँमा रहेका "अधिकृत छैटौं तह र" भन्ने शब्दहरु झिकिएका छन् ।

१३. **मूल नियमावलीको अनसूची - २२ मा संशोधनः** मूल नियमावलीको अनसूची - २२ को सट्टा देहायको अनुसूची - २२ राखिएको छः-

**"अनुसूची-२२**

(नियम ६० को उपनियम (१) सँग सम्बन्धित)

**अधिकृत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन फाराम**

**कार्य सम्पादनको मूल्याङ्कन फाराम भर्ने निर्देशिकाः**

१. यो अनुसूचीको अर्धवार्षिक कार्य सम्पादन मूल्याङ्कन फाराम प्रत्येक अर्धवार्षिक अवधिको आधारमा र वार्षिक कार्य सम्पादन मूल्याङ्कन फाराम प्रत्येक आर्थिक वर्ष (साउन १ देखि असार मसान्तसम्म काम गरेको आधारमा) भर्नु पर्नेछ।

२. कार्य सम्पादन मूल्याङ्कन फारामलाई तीन खण्डमा निम्न अनुसार विभाजन गरिएको छः-

खण्ड क - अर्धवार्षिक कार्य सम्पादन मूल्याङ्कन फाराम

खण्ड ख - वार्षिक कार्य सम्पादन मूल्याङ्कन फाराम (सुपरिवेक्षक र पुनरावलोकनकर्ताको मूल्याङ्कन)

खण्ड ग - पुनरावलोकन समितिको मूल्याङ्कन

३. खण्ड (क) मा उल्लिखित कर्मचारीले भर्ने भनी तोकिएका १ देखि ४ सम्मका महलहरूमा सम्बन्धित कर्मचारीले भर्नु पर्नेछ। तोकिएको अवधिमा आफूले गरेका सबै कामहरूलाई सकेसम्म समेटिने गरी कामहरू छोटकरीमा उल्लेख गर्नु पर्नेछ । यसरी कर्मचारीले गरेका भनी उल्लेख भएका कार्यहरू उसको कार्य विवरणभित्र परेका र स्वीकृत वार्षिक कार्य योजनाभित्र परेका हुनु पर्नेछ। कार्य विवरण र कार्य योजनाभित्र नपरेका तथा अन्य पदको कार्य विवरण र कार्य योजनाभित्र परेका कामहरू सामान्यतया भर्न हुँदैन। यसरी भरिएको फाराममा दस्तखत र मिति सहित तोकिएको सुपरिवेक्षक समक्ष पेश गर्ने प्रयोजनको लागि प्रत्येक अवधि समाप्त भएको सात दिनभित्र सम्बधित कार्यालयमा दर्ता गर्नु पर्नेछ। यस्तो फाराम पेश गर्दा कर्मचारीले आफ्नो कार्य विवरण र स्वीकृत वार्षिक कार्य योजनाको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ। यसरी अधिकृत तहका कर्मचारीबाट भरी आएका अर्धवार्षिक अवधिको कार्य सम्पादन मूल्याङ्कन फारामहरुलाई सुपरिवेक्षकले सम्बन्धित निजामती कर्मचारीले आफूले गरेको भनी उल्लेख गरेका कार्यहरु निजको कार्य विवरण र स्वीकृत कार्य योजनाभित्र परेका छन् छैनन् र स्वीकृत कार्य विवरण र कार्य योजनाभित्र परेका कार्यहरुको उपलब्धि कर्मचारीले फाराममा उल्लेख गरे अनुसार छ छैन भन्ने कुराको जाँच गरी त्यसको पृष्ठपोषण सहित अर्को सात दिनभित्रमा सम्बन्धित कर्मचारीलाई फिर्ता गर्नु पर्नेछ। प्रत्येक वर्षको साउन सात गतेभित्र आफूले गरेको कामहरूलाई उल्लेख गरी नियम ६२ बमोजिम भरिएको वार्षिक कार्य सम्पादन

मूल्याङ्कन फाराममा नाम, दस्तखत र मिति समेत उल्लेख गरी तोकिएको समयभित्रमा दर्ता गरी मूल्याङ्कनका लागि सुपरिवेक्षक समक्ष पेश गर्नु पर्छ वा हुलाकबाट पठाउनु पर्ने भए तोकिएको समयभित्रमा हुलाकमा रजिष्टर्ड दर्ता गरी मूल्याङ्कनका लागि सुपरिवेक्षक कहाँ पठाउनु पर्छ। कर्मचारीले भरेको अर्ध वार्षिक कार्य सम्पादन मूल्याङ्कन फारामहरुका आधारमा सुपरिवेक्षकले प्रत्येक वर्षको साउन मसान्तभित्र वार्षिक कार्य सम्पादन मूल्याङ्कनको लागि खण्ड (ख) को "सुपरिवेक्षकको मूल्याङ्कन" को अंश भर्नु पर्नेछ।

४. यसरी मूल्याङ्कन गरी सकेपछि सुपरिवेक्षकले आफ्नो नाम, दस्तखत र मिति उल्लेख गरी सो कार्य सम्पादन मूल्याङ्कन फाराम साउन मसान्तभित्रै पुनरावलोकनकर्ताले प्राप्त गरिसक्ने गरी पुनरावलोकनकर्ता समक्ष पेश गर्नु पर्नेछ।

५. पुनरावलोकनकर्ताले सुपरिवेक्षकबाट प्राप्त हुन आएको वार्षिक कार्य सम्पादन मूल्याङ्कन फारामको आधारमा प्रत्येक वर्षको भदौ पन्ध्र गतेभित्र खण्ड (ग) को "पुनरावलोकनकर्ताको मूल्याङ्कन" को अंश भर्नु पर्नेछ। यसरी भरिएको फाराममा पुनरावलोकनकर्ताले आफ्नो नाम, दस्तखत र मिति उल्लेख गरी पुनरावलोकन समिति समक्ष पेश गर्नु पर्नेछ।

६. पुनरावलोकन समितिमा पेश हुन आएका कार्य सम्पादन मूल्याङ्कन फाराममा पुनरावलोकन समितिलाई सुपरिवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैको मूल्याङ्कनमा चित्त नबुझेमा पुनरावलोकनकर्ता वा सुपरिवेक्षकसँग पुष्ट्याँइको माग गर्ने वा पुनर्मूल्याङ्कन गर्नु पर्ने आधार सहित पुनर्विचारको लागि पठाउन सक्नेछ। यसरी पठाएको कार्य सम्पादन मूल्याङ्कन फाराममा सुपरिवेक्षक तथा पुनरावलोकनकर्ताले आफूकहाँ प्राप्त भएको तीन दिनभित्र पुनः मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कनमा संशोधन गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाइ पुनरावलोकन समितिमा पेश गरी सक्नु पर्नेछ। यसरी पुनः पेश हुन आएको कार्य सम्पादन मूल्याङ्कन फाराममा औचित्यपूर्ण कारण खुलाइ नआएमा वा अङ्क संशोधन पनि भई नआएमा पुनरावलोकन समितिले यस विषयमा टिप्पणी गरी त्यस्ता सुपरिवेक्षक र पुनरावलोकनकर्ताको अभिलेख राख्न र निजहरूको कार्य सम्पादन मूल्याङ्कनमा पुनर्विचार गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

७. पुनरावलोकन समितिले पेश हुन आएको वार्षिक कार्य सम्पादन मूल्याङ्कन फाराममा सुपरिवेक्षक र पुनरावलोकनकर्ताले गरेको मूल्याङ्कन समेतको

आधारमा मूल्याङ्कन गरी प्रत्येक वर्षको भदौ मसान्तभित्रै प्रदेश लोक सेवा आयोग र बढुवा समितिको सचिवालयमा पठाइ सक्नु पर्नेछ।

८. एउटा अवधिभित्र एकभन्दा बढी सुपरिवेक्षकको सुपरिवेक्षणमा रही काम गरेको निजामती कर्मचारीको हकमा यो फाराम भर्नु पर्दा सो अवधिको अन्तमा जो सुपरिवेक्षक हुन्छ उसैले पूरा अवधिको फाराम भर्नु पर्नेछ।

९. ऐनको दफा ३७ को उपदफा (८) बमोजिमको समयावधि पछि कार्य सम्पादन मूल्याङ्कन फाराम दर्ता गर्दा चालू आर्थिक वर्षभित्र दर्ता गरिसक्नु पर्नेछ। यसरी दर्ता गरिएको कार्य सम्पादन मूल्याङ्कन फाराममा पुनरावलोकन समितिले एक अङ्क घटाउनेछ।

१०. कुनै कर्मचारीले तोकिएको समयभित्र बुझाउनु पर्ने कार्य सम्पादन मूल्याङ्कन फाराम समयमै भरी दर्ता गरेकोमा कार्यालयमा भवितव्य परी आगलागी वा अन्य त्यस्तै दैवी विपत्ति वा प्राकृतिक प्रकोप परी दर्ता गरी सकेको कार्यसम्पादन मूल्याङ्कन फाराम नष्ट हुन गएको अवस्थामा त्यस्ता कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन फाराम नष्ट हुनुको कारण र प्रमाणसहित तालुक मन्त्रालयको सिफारिससहित मन्त्रालयमा स्वीकृतिको लागि लेखी पठाउनु पर्नेछ र मन्त्रालयबाट स्वीकृति प्राप्त भएपछि बहालवाला मूल्याङ्कनकर्ताले प्रमाणसमेत संलग्न गरी सम्बन्धित कर्मचारीलाई कार्य सम्पादन मूल्याङ्कन फाराम पुनः भर्न लगाई मूल्याङ्कन गर्नु पर्दछ। यसरी मूल्याङ्कन गरेका कार्य सम्पादन मूल्याङ्कन फाराममा मूल्याङ्कनकर्ताले पुनः मूल्याङ्कन गर्नुपर्नाको कारण उल्लेख गरी प्रमाण र स्वीकृति पत्रको प्रमाणित प्रतिलिपि समेत संलग्न गर्नु पर्दछ।

११. कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्ने क्रममा सुपरिवेक्षकले देहायको आधारमा मूल्याङ्कन गर्नु पर्नेछः

(क) बिदा स्वीकृत नगराई वा बिदाको आवेदन नदिई लगातार तीस दिनभन्दा बढी अनुपस्थित भएको निजामती कर्मचारीलाई चारमध्ये उपयुक्त एउटा पक्षमा (लागत, समय, परिमाण र गुण) मध्ये अत्युत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिने,

(ख) नसिहत पाएको वा ग्रेड रोक्का वा बढुवा रोक्काको सजाय पाएको कर्मचारीलाई सो सजाय पाएको वर्षमा कामको समग्र गुणस्तर सम्बन्धी आधारमा अत्युत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिने,

(ग) कुनै निजामती कर्मचारीले आफूले लिएको पेश्की रकम काबु बाहिरको परिस्थिति परेको भनी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट

प्रमाणित गराएको अवस्थामा बाहेक अरु अवस्थामा आर्थिक प्रशासन तथा पेश्की फछ्र्यौट सम्बन्धी प्रचलित कानूनको अधीनमा रही छ महिनाभित्र फछ्र्यौट नगराएको भएमा कामको समग्र गुणस्तर सम्बन्धी आधारमा अत्युत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिने,

(घ) कार्यालय प्रमुख वा विभागीय प्रमुख वा आयोजना प्रमुखको पदमा रहेको कर्मचारीले आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा रकम निकासा र कार्यक्रम स्वीकृत भैसकेपछि पनि वर्षभरी पचास प्रतिशत लक्ष्य पूरा गर्न वा नतिजा प्राप्त गर्न नसकेको भएमा कामको समग्र परिमाण सम्बन्धी आधारमा अत्युत्तम स्तरको अङ्क नदिई बढीमा उत्तमस्तरको अङ्क दिने,

(ङ) कार्यालय प्रमुख बाहेकका पदमा कार्यरत कर्मचारीले गर्नु पर्ने कामको लक्ष्य प्रत्येक वर्षको पहिलो चौमासिक अवधिभित्र कर्मचारीको सामूहिक बैठकबाट निर्धारण गरिनेछ। त्यसरी निर्धारण गरिएको लक्ष्यको पचास प्रतिशत पूरा गर्न नसक्ने निजामती कर्मचारीको मूल्याङ्कनमा खण्ड (घ) बमोजिम कामको समग्र परिमाण सम्बन्धी आधारमा अत्युत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिने, तर, खण्ड (घ) र (ङ) मा तोकिएको लक्ष्य सम्बन्धित निजामती कर्मचारीको कारणले नभई अन्य कारणले पूरा हुन नसकेकोमा अङ्क घटाइने छैन।

(च) कुनै कर्मचारीले अनुशासनहीन काम गरेको प्रमाण भएमा कामको समग्र गुणस्तर सम्बन्धी आधारमा अत्युत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिने,

(छ) नियम ६२ बमोजिमको म्यादभित्र अर्धवार्षिक कार्य सम्पादन मूल्याङ्कन फाराम नभर्ने र म्यादभित्र वार्षिक तथा अर्ध वार्षिक कार्य सम्पादन मूल्याङ्कन नगर्ने निजामती कर्मचारीलाई कामको समग्र गुण र परिमाण सम्बन्धी दुई आधारमध्ये एउटामा अत्युत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिने।

१२. क्रमसङ्ख्या ११ बमोजिमको आधारमा अङ्क घटाउँदा एउटै कर्मचारीको एकभन्दा बढी आधारमा अङ्क घटाउनु पर्ने भएमा एक वर्षमा चारवटामध्ये दुईभन्दा बढी आधारमा अङ्क घटाउनु पर्ने छैन।

१३. क्रमसङ्ख्या ११ बमोजिमका कारण विद्यमान हुँदाहुँदै सो बमोजिमको अङ्क नघटाएको देखिएमा त्यस्तो मूल्याङ्कनकर्ताको कार्य सम्पादन मूल्याङ्कनमा एक अङ्क घटाइनेछ।

१४. क्रमसङ्ख्या ११ बमोजिम अङ्क घटाउनु पर्ने भएमा पनि सोको स्पष्ट कारण सहितको कागजात संलग्न गर्नु पर्नेछ।

१५. कार्य सम्पादन मूल्याङ्कनकर्ताले कार्य सम्पादन मूल्याङ्कन गर्दा कार्य सम्पादन फाराममा अङ्क दिने प्रयोजनको लागि निर्दिष्ट गरिएको महलमा स्पष्ट रूपमा अङ्क नै लेखी मूल्याङ्कन गर्नु पर्नेछ।

## खण्ड — क

## अधिकृत कर्मचारीको निमित्त अर्धवार्षिक कार्य सम्पादन मूल्याङ्कन फारामको ढाँचा

## ..........अर्धवार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराम

मूल्याङ्कन अवधि...................साल ...... महिनादेखि .................मसान्तसम्म

विवरण पेश गरेको कार्यालय .................... दर्ता नं. .............. मिति...................

कर्मचारीको नाम .............. कर्मचारी संकेत नं. ............. पद र श्रेणी ................ सेवा.............समूह...............उपसमूह........................

हाल कार्यरत कार्यालय .......................................

हालको पदमा नियुक्ति मिति ............................

यस मूल्याङ्कन अवधिमा सरुवा भएका कार्यालयहरु (क्रमश) ....................................

सुपरीवेक्षक समक्ष पेश गरेको मिति .....................................

| कर्मचारीले भर्ने | | | | | |
|---|---|---|---|---|---|
| सम्पादित काम (लक्ष्य तोकिएका र नतोकिएका) (१) | कार्य सम्पादन सूचकाङ्क (२) | | | कार्य सम्पादन सूचकांक अनुसार सम्पदित कार्यको प्रगति (३) | कार्य सम्पन्न हुन नसकेका भए सो को कारण (४) |
| | एकाई सम्भव भएसम्म परिमाण, लागत र समय, समेत उल्लेख गर्नुपर्ने | अर्धबार्षिक लक्ष्य | बार्षिक लक्ष्य | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कार्य विवरण र बार्षिक कार्यक्रम बमोजिमका कार्यहरु<br>क)<br>ख)<br>ग)<br>घ)<br>ङ)<br>आफ्नै पहलमा गरेका अन्य कार्यहरु<br>क)<br>ख) | | | | | |
| | | १०० प्रतिशत | १०० प्रतिशत | औषत प्रतिशत | |

कर्मचारीको दस्तखतः मितिः

**कार्य सम्पादन गर्न लागेको समयको मापनको आधार**

१.तोकिएको समय र सो भन्दा अगावै कार्य सम्पन्न भएमा -अतिउत्तम ☐

२.कुल काम मध्ये १५% सम्म काम तोकिएको समयभन्दा पछि सम्पन्न गरेमा – उत्तम - ☐

३.कुल काम मध्ये ३०% सम्म काम तोकिएको समयभन्दा पछि सम्पन्न गरेमा – सामान्य ☐

४.कुल काम मध्ये ३०% भन्दा बढी काम तोकिएको समयभन्दा पछि सम्पन्न गरेमा - न्युन ☐

**कार्यसम्पादनको प्रगतिको मापनको आधार**

१. ८०% देखि १००% सम्म –अतिउत्तम ☐

२. ६५% देखि ७९.९९% सम्म -उत्तम ☐

३. ५०% देखि ६४.९९% सम्म-सामान्य ☐

४. ५०% भन्दा कम - न्युन ☐

क. सम्बन्धित सुपरीवेक्षकको मूल्याङ्कनको स्तर, पृष्ठपोषण वा धारणाः-

सुपरीवेक्षकको दस्तखतः

नामः

पदः

कर्मचारी संकेत नं.

मितिः

ख. सम्बन्धित कर्मचारीको भनाइ र प्रतिक्रियाः

द्रष्टव्य

१. अर्धवार्षिक मूल्याङ्कनको लागि उपयुक्त ढाँचामा महल १, २, ३ र ४ सम्मको यथार्थ विवरण भरी प्रत्येक सात गतेभित्रमा सम्बन्धित कर्मचारीले सुपरीवेक्षक समक्ष पेश गर्ने प्रयोजनको लागि आफ्नो कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

२. सम्पादित कामको विवरणामा न्युनतम ५ वटा कार्यहरु उल्लेख भएको हुनुपर्नेछ।

३. काम उल्लेख गर्दा संगठनको उद्देश्य अनुरुप र पदको कार्य विवरणसँग मिल्नुपर्नेछ ।

४. वार्षिक लक्ष्य शुरुमा नै तोक्न नमिल्ने कामको लागि वर्षभरीमा सम्पादन गरिएका कामहरुलाइ नै बार्षिक लक्ष्य मान्नुपर्नेछ ।

५. सुपरीवेक्षकले अफु समक्ष पेश भएको अर्धवार्षिक मूल्याङ्कन फारामको मूल्याङ्कन सात दिनभित्र गरी एक प्रति मूल्याङ्कन फाराम सम्बन्धित निजामती कर्मचारीलाइ उपलब्ध गराउनुपर्ने छ ।

६. समयलाई मूल्याङ्कन गर्न सम्भव नदेखिएमा हाँसिल गरेको समग्र परिमाण समेतको आधारमा विश्लेषण गरी मूल्याङ्कन गर्नुपर्नेछ। कुनै महलमा विवरण नअटाए छुट्टै पानामा खुलाइ प्रमाणित गरि संलग्न गर्नुपर्नेछ ।

७. अंक दिने प्रयोजनको लागि निर्दिष्ट गरिएको महलमा अंक नै लेखि मूल्याङ्कन गर्नुपर्नेछ ।

**खण्ड-ख**

**<u>अधिकृत कर्मचारीको निमित्त वार्षिक कार्य सम्पादन मूल्याङ्कन फारामको ढाँचा</u>**

विवरण पेश गरेको कार्यालयः ..........  दर्ता नं...... मितिः-......./..../....

मूल्याङ्कन अवधिः आर्थिक वर्ष .... साल .. महिनादेखि .... साल .......मसान्तसम्म।

कर्मचारीको नामः........................  कर्मचारी संकेत नं. ...........

पद/तहः ............  सेवाः ...................... समूह/उपसमूह ..................

हाल कार्यरत कार्यालयः ................................................................

हालको पदमा नियुक्ति मितिः ........./.... /....

यस मूल्याङ्कनको अवधिमा सरुवा भएका कार्यालयहरु (क्रमशः)

सुपरिवेक्षक समक्ष पेश गरेको मितिः........./.... /....

| कर्मचारीले भर्ने | | | | | |
|---|---|---|---|---|---|
| सम्पादित काम (लक्ष्य तोकिएका र नतोकिएका) (१) | कार्य सम्पादन सूचकाङ्क (२) | | | कार्य सम्पादन सुचकाङ्क अनुसार सम्पादित कार्यको प्रगति (३) | कार्य सम्पन्न हुन नसकेका भए सोको कारण(४) |
| | एकाइ (सम्भव भएसम्म परिमाण, लागत र समय समेत उल्लेख गर्नुपर्ने) | अर्धवार्षिक लक्ष्य | वार्षिक लक्ष्य | | |
| कार्य विवरण र वार्षिक कार्यक्रम बमोजिमका कार्यहरू: | | | | | |
| **(क)** | | | | | |
| **(ख)** | | | | | |
| **(ग)** | | | | | |
| **(घ)** | | | | | |
| **(ङ)** | | | | | |
| आफ्नै पहलमा गरेका अन्य कार्यहरू: | | | | | |
| **(क)** | | | | | |
| **(ख)** | | १००% | १००% | औसत प्रतिशत | |

| | |
|---|---|
| कार्य सम्पादन गर्न लागेको समयको मापनको आधार | कार्यसम्पादनको प्रगतिको आधार |

| | | | |
|---|---|---|---|
| १) तोकिएको समय र सोभन्दा अगावै कार्य सम्पन्न भएमा- | अति उत्तम ☐ | १) ८०% देखि १००%सम्म- | अति उत्तम ☐ |
| २) कुल काममध्ये१५%सम्म कामतोकिएको समयभन्दा पछि सम्पन्न गरेमा- | उत्तम ☐ | २) ६५% देखि ७९.९९%सम्म- | उत्तम ☐ |
| ३) कूल काममध्ये ३०% सम्म काम तोकिएको समयभन्दा पछि सम्पन्न गरेमा- | सामान्य ☐ | ३) ५०% देखि ६४.९९%सम्म- | सामान्य ☐ |
| ४) कुल काममध्ये ३०% भन्दा बढी काम तोकिएको समयभन्दा पछि सम्पन्न गरेमा- | न्यून ☐ | ४) ५०% भन्दा कम- | न्यून ☐ |

कर्मचारीको दस्तखतः .........................     मितिः ........./.... /....

द्रष्टब्यः

(१) वार्षिक मूल्याङ्कनको लागि उपर्युक्त ढाँचामा महल १, २ ,३ र ४ सम्मको यथार्थ विवरण भरी प्रत्येक वर्षको साउन सात गतेभित्र सम्बन्धित कर्मचारीले सुपरीवेक्षक समक्ष पेश गर्ने प्रयोजनको लागि आफ्नो कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(२) सम्पादित कामको विवरणमा न्यूनतम ५ वटा कार्य उल्लेख भएको हुनु पर्नेछ।

(३) काम उल्लेख गर्दा सङ्गठनको उद्देश्य अनुरूप पदको कार्य विवरण तथा वार्षिक कार्ययोजनासँग मिल्नु पर्नेछ।

(४) वार्षिक लक्ष्य सुरुमा नै तोक्न नमिल्ने कामको लागि वर्षभरीमा सम्पादन गरिएका कामलाई नै वार्षिक लक्ष्य मान्नु पर्नेछ।

## सुपरीवेक्षक र पुनरावलोकनकर्ताको मूल्याङ्कन

सुपरीवेक्षक समक्ष पेश गरेको मितिः      पुनरावलोकनकर्ता समक्ष पेश गरेको मितिः

| कार्य सम्पादनको स्तर (कार्य विवरणको आधारमा) | | सुपरिवेक्षकको मूल्याङ्कन | | | | | पुनरावलोकनकर्ताको मूल्याङ्कन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्तर | कुल अङ्क भार | अति उत्तम | उत्तम | सामान्य | न्यून | कुल अङ्क भार | अति उत्तम | उत्तम | सामान्य | न्यून |
| | अङ्क | ६.२५ | ६.२५ | ५.२५ | ४.२५ | ३.२५ | २.५ | २.५ | २ | १.५ | १ |
| (१) सम्पादित कामको समग्र परिमाण | | | | | | | | | | | |
| (२) सम्पादित कामको समग्र लागत | | | | | | | | | | | |
| (३) सम्पादित कामको समग्र समय | | | | | | | | | | | |
| (४) सम्पादित कामको समग्र गुण | | | | | | | | | | | |
| जम्मा | | २५ | | | | १० | १० | | | | |
| | | कुल प्राप्ताङ्कःअङ्कमाः .... अक्षरमाः ....... | | | | | कुल प्राप्ताङ्कः अङ्कमाः .... अक्षरमा .... | | | | |
| ९५% भन्दा बढी र ७५% भन्दा घटी अङ्क दिँदा खुलाउनु पर्ने कारण | | सुपरीवेक्षकको<br>नामः-<br>पदः-<br>कर्मचारी संकेत नं.-<br>दस्तखतः-<br>मितिः- | | | | | पुनरावलोकनकर्ताको<br>नामः-<br>पदः-<br>कर्मचारी संकेत नं.-<br>दस्तखतः-<br>मितिः- | | | | |

समयलाई मूल्याङ्कन गर्न सम्भव नदेखिएमा हासिल गरेको समग्र परिमाणसमेतको आधारमा विश्लेषण गरी मूल्याङ्कन गर्नु पर्नेछ।

कुनै महलमा विवरण नअटाए छुट्टै पानामा खुलाई प्रमाणित गरी संलग्न गर्नु पर्नेछ। सुपरिवेक्षक र पुनरावलोकनकर्ताले गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३७ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ६३ मा तोकिएको आधारमा मूल्याङ्कन गरी निजामती सेवा नियमावलीको नियम ६२ बमोजिमको अवधिभित्र पुनरावलोकनकर्ता वा पुनरावलोकन समिति समक्ष पेश गर्नु पर्दछ। साथै, गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३७ को उपदफा (१४) बमोजिम ९५% भन्दा बढी र ७५% भन्दा घटी अङ्क प्रदान गर्नु परेमा सोको स्पष्ट कारण खुलाउनु पर्दछ। प्राप्ताङ्कमा टिपेक्स लगाएमा टिपेक्स लगाउने मूल्याङ्कनकर्तालाई अख्तियारवालाले विभागीय कारबाही गर्नेछ।

द्रष्टव्यः

(१) कर्मचारीले भरेको अर्धवार्षिक मूल्याङ्कन फारामको आधारमा सुपरीवेक्षकले अधिकृत कर्मचारीको वार्षिक कार्य सम्पादन मूल्याङ्कन फारामको मूल्याङ्कन गरी साउन महिनाभित्रै पुनरावलोकनकर्ताले प्राप्त गरिसक्ने गरी पेश गर्नुपर्नेछ।

(२) पुनरावलोकनकर्ताले आफू समक्ष पेश भएको कर्मचारीको वार्षिक कार्य सम्पादन मूल्याङ्कन फारामको मूल्याङ्कन गरी भदौ १५ गतेभित्रै पुनरावलोकन समितिले प्राप्त गरिसक्ने गरी पेश गर्नुपर्नेछ।

(३) वार्षिक रूपमा गरिने कार्य सम्पादन मूल्याङ्कनबापत सुपरीवेक्षक वा पुनरावलोकनकर्ताले ९५ प्रतिशतभन्दा बढी र ७५ प्रतिशतभन्दा घटी अङ्क दिएमा सोको स्पष्ट कारण खुलाउनु पर्नेछ र ७५ प्रतिशतभन्दा घटी अङ्क दिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सोसमेत राखी पुनरावलोकन समिति समक्ष पेश गर्नुपर्नेछ।

**खण्ड-ग**

## पुनरावलोकन समितिको मूल्याङ्कन

पुनरावलोकन समिति समक्ष पेश गरेको मितिः ..................

सुपरीवेक्षक र पुनरावलोकनकर्ताले गरेको मूल्याङ्कनमा सहमत भए सोही स्तरको अङ्क दिने अन्य स्थितिमा कैफियत खुलाइ मूल्याङ्कन गर्नेः

कर्मचारीको नामथरः पदः तह/श्रेणीः

| व्यक्तिगत गुण एव आचरण | स्तर | अति उत्तम | उत्तम | सामान्य | न्यून |
|---|---|---|---|---|---|
| | अङ्क | १ | ०.७५ | ०.५० | ०.२५ |
| (क) अधिकृत एघारौं र सचिव पदका कर्मचारीको लागिः | | | | | |
| (१) नीति विश्लेषण गर्ने क्षमता | | | | | |
| (२) छलफल तथा वार्ता गर्ने क्षमता | | | | | |
| (३) विवेकको प्रयोग, निर्णय गर्ने क्षमता र मूल्याङ्कन | | | | | |
| (४) नेतृत्व र सङ्गठनात्मक क्षमता | | | | | |
| (५) पेशागत संवेदनशीलता (इमानदारिता, गोपनीयता, आदि) | | | | | |
| पूर्णाङ्क ५ प्राप्ताङ्क अङ्कमा [ ] | | अक्षरमा [ ] | | | |
| (ख) अधिकृत नवौं/दशौं तहका कर्मचारीको लागिः | स्तर | अति उत्तम | उत्तम | सामान्य | न्यून |
| (१) विषयवस्तुको ज्ञान र सीप | अङ्क | १ | ०.७५ | ०.५० | ०.२५ |
| (२) विवेकको प्रयोग र निर्णय गर्ने क्षमता | | | | | |
| (३) कार्यचाप बहन गर्ने क्षमता | | | | | |
| (४) सिर्जनशीलता र अग्रसरता | | | | | |
| (५) स्रोत साधनको प्रभावकारी उपयोग | | | | | |
| पूर्णाङ्क ५ प्राप्ताङ्क अङ्कम [ ] | | अ [ ] | | | |
| (ग) अधिकृत सातौं/आठौं तहका कर्मचारीको लागिः | स्तर | अतिउत्तम | उत्तम | सामान्य | न्यून |
| (१) विषयवस्तुको ज्ञान र सीप | अङ्क | १ | ०.७५ | ०.५० | ०.२५ |
| (२) विवेकको प्रयोग र निर्णय गर्ने क्षमता | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| (३) कार्यचाप बहन गर्ने क्षमता | | | | | |
| (४) सिर्जनशीलता र अग्रसरता | | | | | |
| (५) पेशागत संवेदनशीलता (गोपनीयता र मर्यादित रहने) | | | | | |
| पूर्णाङ्क ५ प्राप्ताङ्क अङ्कमा ___ अक्षरमा ___ | | | | | |

पुनरावलोकन समितिका पदाधिकारीहरूको

नाम पद कर्मचारी संकेत नं. दस्तखत

(१)

(२)

(३)

कुल प्राप्ताङ्कः अङ्कमाः अक्षरमाः मितिः

**द्रष्टव्यः**

(१) यसरी पुनरावलोकन समितिमा प्राप्त हुन आएको कार्यसम्पादन मूल्याङ्कन फारामहरूको मूल्याङ्कन गरी समितिले भदौ मसान्तभित्रै प्रदेश लोक सेवा आयोग र बढुवा समितिको सचिवालयमा पठाई सक्नु पर्नेछ।

(२) पुनरावलोकन समितिले कुनै कर्मचारीलाई कार्यसम्पादन मूल्याङ्कन बापत ९५ प्रतिशतभन्दा बढी र ७५ प्रतिशतभन्दा घटी अङ्क दिएमा सोको स्पष्ट कारण खुलाउनु पर्छ पर्नेछ। प्राप्ताङ्कमा टिपेक्स लगाउने मूल्याङ्कनकर्तालाई अख्तियारवालाले विभागीय कारबाही गर्नेछ।"

आज्ञाले,

धर्मराज कुइकेल

प्रदेश सरकारको सचिव ।